सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन : बागमतीमा युवा सशक्तीकरण
बागमती प्रदेश युवा सम्मेलन २०८२
वैशाख २८–३०, २०८२

घोषणा-पत्र

जलवायु संकट, बेरोजगारी, प्रविधिमा असमान पहुँच, मानसिक तनावलगायत बहुआयामिक चुनौतिहरु पछिल्ला वर्षहरुमा विश्वभरकै युवाहरुले सामना गरिरहेका छन् । बागमती प्रदेशमा रहेका ४५ दशमलव ४ प्रतिशत युवालाई केन्द्रमा राखेर स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी, प्रविधि, उद्यमशीलता लगायत क्षेत्रमा सीपमूलक कार्यक्रम ल्याउँदा प्रदेशको आर्थिक समृद्धि, सुशासन तथा विकासमा कायापलट हुनसक्छ भन्ने मान्यतामा टेकेर प्रदेश युवा परिषद् बागमतीले आफ्नो गतिविधि सञ्चालन गरिरहेको अवस्थामा,

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेका मौलिक हकअन्तर्गत धारा ३१ मा रहेको शिक्षासम्बन्धी हकलाई कार्यान्वयन गर्दै समयको मागअनुरुपको दक्ष जनशक्ति उत्पादन गर्नसक्ने प्राविधिक तथा सीपमूलक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नुपर्ने दायित्वलाई मनन गर्दै,

सन् २०२६ मा अल्पविकसित मुलुक (LDC) बाट विकासोन्मुख राष्ट्रमा उक्लिने नेपालको तयारी भइरहेको सन्दर्भमा, शिक्षादेखि उद्यमशीलता, नवप्रवर्तनदेखि नीति निर्माणसम्मको प्रत्येक तहमा युवाको योगदानले नेपालको दिगो, समावेशी र सुशासनयुक्त विकास सुनिश्चित गर्दै,

युवाको क्षमतामा विश्वास गर्दै, बागमती प्रदेशलाई उज्यालो भविष्यतर्फ लैजान युवा नै निर्णायक शक्ति हुन् भन्ने दृढ दृष्टिकोणसहित, प्रदेश सरकारले सवल, सक्षम, सशक्त र सीपयुक्त युवाशक्तिको निर्माण गर्ने दीर्घकालीन अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने स्पष्ट रोडम्याप **"सशक्त युवा, समृद्ध प्रदेश"** भन्ने अभियानमा अझ दृढतापूर्वक अग्रसर हुने अठोट तय गर्दै,

सन् २०३० भित्र हासिल गर्ने गरी विश्वले लिएको दिगो विकासको साझा लक्ष्यहरू सार्थक बनाउने प्रण गर्दै,

युवालाई सक्षम, जिम्मेवार, ज्ञान र सीपयुक्त बनाउन बागमती प्रदेशका साथै सिंगो देशको समग्र विकासको नेतृत्वमा युवाहरुलाई स्थापित गर्न उत्प्रेरित गर्ने उद्देश्यका साथ २०८२ वैशाख २८ देखि ३० गतेसम्म बागमती प्रदेशको राजधानी हेटौँडामा सम्पन्न प्रदेश युवा सम्मेलन २०८२ ले यो युवा घोषणापत्र जारी गरिएको छ ।

१. युवाहरुमा रहेको नविनतम सोचलाई आर्थिक लाभसँग जोड्नका लागि तीनवटै तहको सरकारको समन्वय र निजी क्षेत्रमा सहकार्यमा युवा परियोजना बैंकको स्थापना गरियोस् । युवा परियोजना बैकमा

saleekhabar.com

छनोट भएका परियोजनाहरुमा सरकारको तर्फबाट बीउ पुँजी र बिना धितो सहुलियतपूर्ण कर्जाको व्यवस्था गरियोस् ।

२. गुणस्तरीय, व्यावसायिक, जीवन उपयोगी तथा नवप्रवर्तनमा आधारित शिक्षाका लागि आवश्यक औपचारिक र अनौपचारिक शिक्षा प्रणाली विकास गरी सबै स्थानीय तहमा विकास गर्नुपर्दछ । **"इनक्युबेसन सेन्टर"**, **"स्टार्टअप हब"**, र **"नवप्रवर्तन मेला"** जस्ता अभियानहरूलाई प्रोत्साहन गर्दै युवाले सिर्जना गरेका विचारलाई नीति, पूँजी र प्रविधिमा रूपान्तरण गर्ने संरचनाको माग गर्दछौं ।

३. बागमती प्रदेशको कुल जनसंख्याको ४५.४ प्रतिशत युवा छन् । देशका सबै तहहरुको नीति निर्माण तहमा युवाहरुको अर्थपूर्ण सहभागिता वृद्धि गरिनुपर्दछ । प्रदेशका नीति निर्माण प्रक्रिया (बजेट, योजना, कार्यक्रम, नीति मस्यौदा, कानुन निर्माण) मा युवा प्रतिनिधित्व अनिवार्य सुनिश्चित गरिनुपर्छ ।

४. जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारको योजना, नीति तथा कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयनमा युवाहरुको अर्थपूर्ण र प्रभावकारी सहभागितामार्फत युवामैत्री नीति र बजेट तयारी गरियोस् । स्थानीय तहमा युवाहरुको प्रतिनिधित्वलाई संस्थागत गर्न सबै स्थानीय तहमा स्थानीय युवा परिषद् गठन गरियोस् ।

५. प्रदेश युवा परिषद्, बागमतीको आग्रहमा बागमती प्रदेश सरकारले घोषणा गरेको 'युवा सीप बर्ष २०८१' का कार्यक्रमलाई आगामी बर्ष समेत निरन्तर रुपमा सञ्चालनको व्यवस्था गरियोस् । सीपमूलक तालिमसँगै उद्यम सञ्चालन, बजारीकरण, लगानी पहुँच, प्राविधिक परामर्श र अनुगमनलाई जोडेर एकीकृत ढाँचामा सञ्चालन गरियोस् । सीपमा आधारित स्वरोजगारको लागि अनुदान, सहुलियत ऋण र सहकारी प्रणालीलाई कार्यान्वयन गरियोस् ।

६. जलवायु परिवर्तनका प्रत्यक्ष र अप्रत्यक्ष असरहरूले आजका युवाको स्वास्थ्य, जीविकोपार्जन र भविष्यप्रतिको आशामा गम्भीर असर पुऱ्याइरहेको छ । बागमती प्रदेश सरकारले जलवायु संकटलाई सम्बोधन गर्न वातावरण संरक्षण, हरित रोजगारी (Green Job)को सिर्जना र जलवायु न्याय सुनिश्चित गर्ने विषयमा युवाको नेतृत्वमा आधारित कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरियोस् । युवाले नेतृत्व गरेका 'ग्रीन इनोभेसन' र 'सस्टेनेबल स्टार्टअप' मा लगानी सहज बनाउन सार्वजनिक-निजी साझेदारीको माध्यमबाट पहुँच वृद्धि गरियोस् ।

७. कृषिलाई आत्मनिर्भर मात्र होइन, निर्यातको माध्यम बनाउन कृषिमा युवाहरुलाई आकर्षित गर्न आवश्यक छ । आधुनिक कृषि प्रविधि, स्मार्ट फार्मिङ, र एग्रो-स्टार्टअपका लागि युवा लक्षित 'कृषि नवप्रवर्तन कोष' स्थापना गरिनुपर्छ । कृषि विषय अध्ययन गरेका युवाहरुका लागि कृषि उद्यम र कृषि अनुसन्धानका लागि शौक्षिक प्रमाणपत्रका आधारमा कर्जाको प्रबन्ध गरियोस् । बीउदेखि बजारसम्मको शृंखलामा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सार्वजनिक-निजी साझेदारीको ढाँचामा कार्यक्रम ल्याइनुपर्छ । कृषिमा डिजिटल प्रविधि, मौसम पूर्वानुमान, बीमा प्रणाली र सहुलियत ऋण अनिवार्य गर्नेगरी आगामी वर्षको बजेट विनियोजन गरियोस् ।

saneekhabar.com

८. बागमती प्रदेश सरकारले डिजिटल साक्षरतामा जोड दिँदै विद्यालय तहदेखि नै कम्प्युटर शिक्षा, कोडिङ, कृत्रिम बौद्धिकता (AI), र डिजिटल उद्यमशीलताको तालिमहरू सञ्चालन गरियोस् । साइबर सुरक्षा, डेटा गोपनीयता, डिजिटल नागरिकता, र डिजिटल अधिकारबारे व्यापक जनचेतना अभियान सञ्चालन गरी प्रत्येक स्थानीय तहमा डिजिटल पूर्वाधारको विकास, इन्टरनेट पहुँच, र प्रविधि प्रयोगको अवसर सुनिश्चित गर्न प्रदेश सरकारको प्राथमिकता हुनुपर्दछ । साथै प्रदेश सरकारका सबै सेवा प्रणालीहरूलाई चरणबद्ध रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्दै युवा-मैत्री डिजिटल सरकारको अभ्यास सुरु गरिनुपर्दछ ।

९. बागमती प्रदेश धार्मिक र साँस्कृतिक रुपमा धनी प्रदेश हो । आधुनिक प्रविधिको सदुपयोग गर्दै संस्कृति संरक्षण, सिर्जनात्मक लेखनमा लागि Youth Art & Culture Fund को स्थापना गरी साहित्यिक लेखन, फिल्म निर्माण, संगीत, डिजिटल कला, फोटोग्राफी, लोक कला र परम्परागत शिल्पजस्ता विधामा संलग्न युवालाई प्रवर्द्धन गर्ने कार्यक्रम ल्याइयोस् । प्रदेशस्तरीय Youth Creative Lab सञ्चालन गरी युवाहरूको सिर्जनात्मक क्षमतालाई प्रशिक्षण, उपकरण, सञ्जाल र प्रस्तुतीकरणको अवसरमार्फत अभिव्यक्त गर्न सहज वातावरण निर्माण गरियोस् ।

१०. पछिल्लो समयमा मानसिक स्वास्थ्यको अवस्था थप जटिल बन्दै गएको परिप्रेक्षमा बेरोजगारी, प्रतिस्पर्धा, पारिवारिक र सामाजिक अपेक्षा, डिजिटल दवाव र प्रवासी जीवनशैलीका कारण धेरै युवा मानसिक तनाव तथा चिन्ताको सामना गरिरहेकाले मानसिक स्वास्थ्यलाई प्राथमिक स्वास्थ्य सेवामा समावेश गरी प्रदेशमा युवा लक्षित 'मानसिक स्वास्थ्य परामर्श केन्द्र', विद्यालय तथा कलेजस्तरमा 'साइको-सोसल सपोर्ट सिस्टम', टोलमै आधारित Peer Support Mechanism र २४ सै घण्टा उपलब्ध 'हेल्पलाइन सेवा' स्थापना गरियोस् ।

बागमती प्रदेश युवा सम्मेलन २०८२ मा सहभागी भई सफलताका साथ सम्पन्न गनराउन अभिभावकीय भूमिकासहित माननीय मुख्यमन्त्री बहादुर सिंह लामा ज्यू, प्रदेश सरकारका मन्त्री ज्यूहरु, विषयगत सत्रका विषय विज्ञ, सहजकर्ता तथा सहभागी युवा साथहरुमा महत्वपूर्ण समय र योगदानका लागि प्रदेश युवा परिषद्, बागमती हार्दिक आभार व्यक्त गर्दछौं ।

सन्तोष चौलागाईं
कार्यकारी उपाध्यक्ष
प्रदेश युवा परिषद्, बागमती

saheekhabar.com